कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

शिक्षा तथा खेलकुद शाखा

Google Plus Code 5MXQ+5CJ Kohalpur

त्र सं.: २०७९/०८०

लानी नं.: ३६४

मिति : २०८०/०१/२०

**विषय : विषय विज्ञ (Roster) मा सूचीकृत हुनका लागि आवेदन दिने सम्बन्धमा।**

श्री जो जससँग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिका अन्तरगत संचालित सामुदायिक विद्यालयमा विभिन्न तह र श्रेणीमा रिक्त रहेका अस्थायी तथा करार सेवामा शिक्षक छनौट तथा विद्यालय सुपरीवेक्षणका क्रममा प्राविधिक सहयोग उपलब्ध गराउने प्रयोजनका लागि विषय विज्ञ सूची अद्यावधिक गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक व्यक्तिहरूले तपसिलको आवश्यक कागजातसहित मिति २०८०/०२/०१ गतेभित्र शाखाले निर्धारण गरेको ढाँचामा शाखामा निवेदन पेश गर्नु हुन अनुरोध छ। साथै आवश्यक कागजात नपुग रहेको तथा निर्धारित समय सीमा पश्चात पेश गरिएका निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल :विषय विज्ञका लागि आवश्यक योग्यता तथा प्रावधानहरू :**

| क्र.सं. | विज्ञताको तह | शैक्षिक योग्यता | कार्य अनुभव (स्थायी सेवा) | कैफियत |
|---|---|---|---|---|
| १. | आधारभूत तह (कक्षा १-५) | स्नातक तह उत्तीर्ण र तालिम प्राप्त | प्राथमिक तहमा कम्तिमा ३ वर्ष पुरा भएको | कोहलपुर नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयमा कार्यरत अस्थायी, राहत, अनुदानमा करार प्रकृतिका सेवामा कार्यरत ३ वर्ष सेवा अवधि पुरा गरेका शिक्षकहरूले समेत आवेदन दिन सक्ने। बाँके जिल्लाका अन्य स्थानीय तहमा कार्यरत शिक्षकको हकमा स्थायी शिक्षकले मात्र आवेदन दिन सक्ने। |
| २. | आधारभूत तह (कक्षा ६-८) | सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण र तालिम प्राप्त | निम्न माध्यमिक तहमा कम्तिमा ३ वर्ष पुरा गरेको | |
| ३. | माध्यमिक तह (कक्षा ९-१०) | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण र तालिम प्राप्त | माध्यमिक तहमा कम्तिमा ३ वर्ष पुरा गरेको | |
| ४. | माध्यमिक तह (कक्षा ११-१२) | सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण र तालिम प्राप्त | माध्यमिक तह द्वितीय श्रेणी वा सो सरहको तह/श्रेणीमा ३ वर्ष पुरा गरेको | |

**निवेदनसाथ संलग्न राखिनु पर्ने कागजातहरू :**

१. शाखाले निर्धारण गरेको ढाँचामा फोटोसहितको निवेदन (यसै सूचना साथ संलग्न रहेको)

२. व्यक्तिगत, शैक्षिक योग्यता (न्यूनतम वा माथिल्लो शैक्षिक योग्यता) तथा तालिमसम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३. सम्बन्धित तहको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि तथा कार्यरत संस्थाको कार्यअनुभव सहितको सिफारिस पत्रको प्रतिलिपि

४. कम्प्युटर सीप तथा ICT सम्बन्धी तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

५. सुपरीवेक्षकको हकमा शैक्षिक योग्यता कम्तिमा स्नातकोत्तर वा अनुसन्धान तहको भएमा प्राथमिकतामा राखिने

६. बाँके जिल्लाका अन्य स्थानीय तहका विज्ञको हकमा कार्यरत संस्था तथा स्थानीय तहबाट विज्ञताको लागि अनुमति दिइएको सिफारिस

७. निवेदन दस्तुर प्रति व्यक्ति रु. ५००/- मात्र।

८०।१।२०

..................

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव

रामबहादुर हमाल
उप सचिव

श्रीमान शाखा प्रमुखज्यू
कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
शिक्षा तथा खेलकुद शाखा
कोहलपुर – बाँके

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

फोटो

विषय : विषय विज्ञ (Roster) मा सूचीकृत हुन पाऊँ ।

प्रस्तुत विषयमा शिक्षा तथा खेलकुद शाखा कोहलपुरको मिति २०८०/....../..... गते जारी सूचना बमोजिम देहाय बमोजिम विषयमा विज्ञका रुपमा सूचीकृत हुन तपसिलको विवरण तथा आवश्यक कागजातसहित यो निवेदन पेश गरेको छु ।

तपसिल :

विषय विज्ञको नाम, थर : ........................................... जन्ममिति : .................................
स्थायी ठेगाना : .................. जिल्ला ..................... न. पा./ गा. पा., वडा नं. ...... टोल : ...........................
सम्पर्क ठेगाना : .................. जिल्ला ..................... न. पा./ गा. पा., वडा नं. ...... टोल : ...........................
सम्पर्क नम्बर : ....................................... इमेल :........................ ..............................................
कार्यरत संस्थाको नाम : ................................................. ठेगाना : ...........................................

(क) नियुक्ति विवरण :

| क्र. सं. | नियुक्ति पाएको तह | नियुक्तिको विषय | नियुक्ति मिति | नियुक्तिको किसिम | हालको तह श्रेणी |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

(ख) सूचीकृत हुन चाहेको विषय विज्ञका बारेमा बढीमा दुई विषय (प्राथमिकता क्रममा राख्ने)

| क्र. सं. | सूचीकृत हुन चाहेको तह | सूचीकृत हुन चाहेको विषय | विज्ञताको क्षेत्र | विशेष तालिम वा अध्ययन |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

(ग) शैक्षिक योग्यता वा उपाधि विवरण :

| क्र सं | शैक्षिक उपाधि, संकाय | विषय | उत्तीर्ण बोर्ड | उत्तीर्ण साल | श्रेणी / प्रतिशत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

(घ) अनुसन्धान सम्बन्धी कुनै कार्य भए उल्लेख गर्ने : ....................................................................
......................................................................................................................................
......................................................................................................................................

उल्लेखित विवरण ठीक साँचो हो । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

मिति : ................................................ दस्तखत : ..........................